वैठक नं ११३

**आज मिति २०८२ फागुन महिनाको २९ गते नेपाल सम्वत ११४६ चिल्लागा दशमी शुक्रबारको विहान ८ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | शेर बहादुर वि.सी | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | |
| २ | राम जनम चौधरी | | | |

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पालुङटार नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक नं- ११३ मितिः २०८२-११-२९

| क्र.स | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | यस नगरपालिका नगर कार्यपालिकाको ११२ औं बैठकमा छलफल भई भएको निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल भयो। साथै सो बैठक देखि हाल सम्म नगरपालिका/ वडा कार्यालयबाट भएको कार्यहरुको समिक्षा गरियो। |
| २ | भूमि बैक संचालन कार्यविधि स्वीकृति सम्वन्धमा। | पालुङटार नगरपालिकाको नागरिकहरुको कृषि प्रतिको देखिएको लगावलाई लक्षित गरि नगरपालिकाभित्र रहेको बाँझो जमिनको वैज्ञानिक उपभोग गर्न कृषि कार्यको लागि जग्गामा कृषकको पहुँच सुनिश्चित गर्न जग्गा बाँझो हुन नदिन जमिनको उपभोगलाई भूमि बैंक मार्फत व्यवस्थित र प्रभावकारी बनाई उत्पादन र उत्पादकत्व बढाउन १७ औ नगरसभाबाट विनियोजन भएको भूमि बैक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यविधि पारित गर्ने निर्णय गरियो। |
| ३ | चिस्यानकेन्द्र संचालन सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका वडा नं ९ मा निर्माण सम्पन्न भएको चिस्यानकेन्द्र संचालन गर्न संचालक छनोटका लागि दर निर्धारण गर्ने प्रयोजनार्थ एक अध्यायन समिति गठन गरि १५ दिन भित्र प्रतिवेदन पेश गर्न समय उपलब्ध गराउने निर्णय गरियो।<br>संयोजक- सकलदेव शर्मा –भौतिक पुर्वाधार शाखा प्रमुख<br>सदस्य- सङ्कल्प न्यौपाने- कृषि विकास शाखा प्रमुख<br>सदस्य – कृषि विज्ञ |
| ४ | नगर प्रमुख कप खेलकुद संचालन गर्ने सम्वन्धमा। | खेलकुद क्षेत्रको विकास, विस्तार र प्रवर्धन गर्दै नगरबासी विचको एकता, भातृत्व सुदृढिकरणका लागि प्रत्येक वडाबाट छनोट भई आएको टिम विच नगर प्रमुख कप खेलकुद यहि मिति २०८३ बैशाखमा संचालन गर्ने निर्णय गरियो। |
| ५ | विद्यालय बस संचालन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा। | प्रस्तुत विषयमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित, सहज तथा व्यवस्थित यातायात सुविधा उपलब्ध गराउन, विद्यालयबाट भौगोलिक रुपमा टाढा रहेको विद्यार्थीहरुको नियमित उपस्थिति सुनिश्चित गर्न तथा विद्यार्थीहरुको समयमै विद्यालय आगमन र प्रस्थानलाई व्यवस्थित बनाई शिक्षामा पहँच विस्तार गर्ने उद्देश्यले शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ स्थानीय |

शेर बहादुर बि.सी.
प्रमुख प्रशासकीय अधिकृत

विरस चिन्तन
नगर प्रमुख

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | | सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम विद्यालय बस सञ्चालन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो। |
| ६ | सार्वजनिक सुनुवाई कार्यक्रम संचालन तथा आगामी बजेट तयारी सम्वन्धमा। | यस नगरपालिकाको आ.व २०८२/८३ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्याक्रम पालुङटार नगरपालिका वडा नं ८ मा सञ्चालन गर्ने निर्णय गरियो। |
| ७ | बजेट तयारी सम्वन्धमा। | प्रस्तुत विषयमा आ.व २०८३/८४ को बजेट तर्जुमा तयारीका लागि स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आवश्यक तयारी र प्रकृया सम्पन्न गर्ने निर्णय गरियो। |
| ८ | आयोजना सञ्चालन सम्वन्धमा। | प्रस्तुत विषयमा नेपाल सरकार सघन सहरी विकास तथा भवन निर्माण आयोजना, गोरखा मार्फत कार्यान्वियन भई रहेको **गोरखा जिल्ला पालुङटार नगरपालिकाको मुख्य मुख्य सडक स्तरउन्नती गर्ने कार्य" अन्तर्गत कार्यान्वयन भई रहेको अर्चले- मालतो गैरा- डुम्रेडाँडा- कदली सडक** स्तरउन्नती आयोजनाको केही भिरालो खण्डमा धरातलीय अवस्थाका कारण सडक बढि विग्रने संम्भावना भएकोले प्राविधिक राय अनुसार उक्त स्थानमा ढलान गर्ने साथै उक्त स्थानमा रहेको पक्की/गुणस्तर नाला यथावत राख्न सम्वन्धित आयोजना कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो। साथै उपरोक्त स्थानबाट बचेको परिमाण **आहालेबर-मिलनचोक** सडकखण्डमा कालेपत्रे तथा नालिको कार्यमा खर्च गर्न समेत सिफारिस गर्ने निर्णय गरियो। |
| ९ | रकम विनियोजन गर्ने सम्वन्धमा। | १७ औ नगरसभाबाट विनियोजन भएको क्र.स ५१ खर्च शिर्षक २२५२२ को जात्रा मेला महोत्सव संरक्षण तथा प्रवर्धन शिर्षकमा विनियोजन भएको रकम मध्ये कला संस्कृतिको संरक्षण गर्ने कार्य नेपाल मगर संघ गोरखा क्षेत्र नं २ क्षेत्रिय समिति पा.न.पा २ लाई रु १,००,०००।– (अक्षरुपी एक लाख मात्र ) श्री कागवेनी मन्दिर संरक्षण समिति पा.न.पा २ लाई रु १,००,०००।– (अक्षरुपी एक लाख मात्र) तथा श्री तमु ह्युल छोंज धींलाई रु २००,०००।– (अक्षरुपी दुई लाख) उपलब्ध गराउने निर्णय गरियो। |
| १० | स्थानीय आर्थिक गणना समन्वय समिति र आर्थिक गणना वडा सहजिकरण समिति गठन सम्वन्धमा। | प्रस्तुत विषयमा राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ को दफा १७ अनुसार स्थानीय तहले नगरपालिका भित्र गणना कार्यलाई सहयोग र सहजिकरण गर्नका साथै आर्थिक क्रियाकलाप सञ्चालन गर्न व्यवसाय तथा प्रतिष्ठानको पूर्ण गणना भएको प्रत्याभुत गर्न सम्वन्धित स्थानीय तहको प्रमुखको संयोकत्वमा स्थानीय आर्थिक गणना समन्वय समिति र वडा अध्यक्षको संयोजकत्वमा आर्थिक गणना वडा सहजिकरण समिति गठन गर्न सक्ने व्यवस्था रहेकोले तपसिलको नगर स्तरिय समिति गठन गर्ने निर्णय गरियो।<br>संयोजक- नगर प्रमुख विवश चिन्तन<br>सदस्य- नगर उपप्रमुख बन्दना पाण्डे |

शेर बहादुर बि.सी.
प्रमुख प्रशासकीय अधिकृत

विवस चिन्तन
नगर प्रमुख

| | | |
|---|---|---|
| | | सदस्य- वाणिज्य, व्यापार सङघ संस्थाको प्रतिनिधि<br>सदस्य- सुरक्षा प्रतिनिधि<br>सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत<br>साथै आर्थिक गणना वडा सहजीकरण समितिको तपसिलको समिति गठन गर्ने ।<br>संयोजक- वडा अध्यक्ष<br>सदस्य- वडा सदस्य १ जना<br>सदस्य- वाणिज्य, व्यापार सङघ संस्थाको वडा स्तरीय प्रतिनिधि<br>सदस्य- सुरक्षा निकायको प्रतिनिधि<br>सदस्य सचिव- वडा सचिव |
| ११ | बैदशेकि अध्ययन विदा पूर्व स्वीकृती सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका जनस्वास्थ्य शाखामा कार्यरत शाखा प्रमुख सातौं तहको श्री सृजना पोखरेलले बैदशिक अध्यायन विदाको पुर्व स्वीकृतीका लागि निवेदन पेश गर्नु भएकोले निजले पेश गर्नु भएको निवेदन स्वीकृत गर्ने निर्णय गरियो। |
| १२ | योजना फरफारक गर्ने सम्वन्धमा। | प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८२/८३ का लागि १७ औ नगरसभाबाट पारित भएका योजनाहरुको अनुगमन सम्पन्न भई भुक्तानीका लागि प्राप्त भएको अनुसूची १ बमोजिमका योजनाहरुको फरफारक गर्ने निर्णय गरियो। |
| १३ | विविध | यस नगरपालिका कार्यालयबाट स्व-आर्जन प्रवर्द्धन कोष सञ्चालन कार्यविधि नियमावली, २०७५ मार्फत प्रवाह गरिएको सहुलियतपुर्ण ऋण रकम भुक्तानी नगर्ने व्यक्तिहरुको विवरण सङ्कलन गरि नियमावलीको नियम १७ (८) बमोजिम सम्पुर्ण सेवा सुविधा बन्द गरि निजको घरजग्गा समेतको चल अचल सम्पत्ती विक्री तथा नामसारी गर्नबाट रोक्का राखिदिन सम्वन्धित कार्यालयमा आवश्यक पहल गर्ने निर्णय गरियो। |

शेर बहादुर बि.सी.
प्रमुख प्रशासकीय अधिकृत

विवस चिन्तन
नगर प्रमुख